मिति २०७८/०६/१८

प्रस्ताव नं. १
गत बैठकको निर्णय पुनरावलोकन सम्बन्धमा ।

निर्णय नं. १
आजको यस नगरकार्यपालिकाको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. १ उपर छलफल गर्दा यसअघि मिति २०७८/०६/२० मा बसेको कार्यपालिका बैठकका निर्णयहरुको पुनरावलोकन तथा सो उपर छलफल गरियो ।

प्रस्ताव नं. २
आ.व. २०७७०७८ को कोभिड १९ जोखिम भत्ता भुक्तानी सम्बन्धमा ।

निर्णय नं. २
आजको यस नगरकार्यपालिकाको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. २ उपर छलफल गर्दा कोभिड १९ मुल्याङ्कन समितिले गरेको मुल्याङ्कन तथा निर्णय अनुसार आ.व. २०७७०७८ मा कोभिड १९ संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कार्यमा खटिएका जनशक्तिहरुलाई खटिएको तलव स्केलको ५०% को दरले हुन आउने रकम रु. ९,०७,७५०।- , कोभिड १९ को जोखिम अवधिमा स्वास्थ्य संस्थाहरुमा नियमित स्वास्थ्य सेवा प्रदान गर्ने जनशक्तिहरुलाई खटिएको अवधिको सुरु तलव स्केलको २०% को दरले हुन आउने रकम रु. ८,८४,६२१।- ,म.स्वा.स्व.से.हरुलाई होम क्वारेन्टीनमा वसेका कोभिड १९ संक्रमित व्यक्तिहरुलाई स्वास्थ्य हेरचाह गर्न खटिएका प्रति म. स्वा. स्व. से.हरुलाई हुन आउने जम्मा रकम रु. १२,०००।- र कोभिड १९ को जोखिम अवधिमा म.स्वा.स्व.से.ले आफ्नो कार्य क्षेत्रमा नियमित स्वास्थ्य सेवा प्रदान गरे वापत प्रोत्साहन स्वरुप प्रदान गरिने यातायात स्वरुप प्रति म.स्वा.स्व.से.मा हुन आउने रकम रु. ५,०००।- का दरले ६३ जनाको जम्मा रकम रु. ३,१५,०००।- गरी सबै शिर्षकको हुन आउने जम्मा रकम रु. २१,१९,३७१।- आ.व. २०७७०७८ को वार्षिक बजेट शिर्षक नं.२२५२९ (विपन्न व्यवस्थापन कोष) मा विनियोजित रकम आन्त्रिक स्रोत नगद रु. ५०,००,०००।- बाट भुक्तानी गरिने सर्वसम्मतबाट निर्णय पारित गरियो ।

प्रस्ताव नं. ३
स्वास्थ्य चौकी भरतपुर र स्वास्थ्य चौकी फुलकाहामा वर्थिङ्ग सेन्टर तथा स्वास्थ्य चौकी लक्ष्मीनीया, भरतपुरमा प्रयोगशाला संचालन सम्बन्धमा ।

निर्णय नं. ३
आजको यस नगरकार्यपालिकाको कार्यसूचिमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. ३ उपर छलफल गर्दा स्वास्थ्य चौकी भरतपुर र स्वास्थ्य चौकी फुलकाहामा बर्थिङ्ग सेन्टर संचालन गर्ने तथा स्वास्थ्य चौकी लक्ष्मीनीया र भरतपुरमा प्रयोगशाला संचालन गर्ने साथै उक्त वर्थिङ्ग सेन्टरहरुका लागि आवश्यक औजार तथा उपकरण सेभ द चिल्ड्रेन (CFWA) बर्दिवास शाखाबाट माग गर्ने सर्वसहमतिबाट निर्णय पारित गरियो ।

स्ताव नं. ४

सदस्यता शुल्क सम्बन्धमा (नेपाल नगरपालिका संघ) ।

निर्णय नं. ४

आजको यस नगरकार्यपालिकाको कार्यसूचिमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. ४ उपर छलफल गर्दा नेपाल नगरपालिका संघको प्राप्त मिति २०७८।०५।२९ अनुसार गौशाला नगरपालिकाको सदस्यता शुल्क आ.व.२०७४।०७५ को ४०००० तथा मिति २०७५ भाद्र १२ देखि १४ सम्म नया शुल्क निर्धारण गरेको अनुसार आ.व. २०७५।०७६, ०७६।०७७, ०७७।०७८ तथा ०७८।०७९ को ५००००। को दरले २०००००। गरी जम्मा २४००००। (अक्षरुपी दुई लाख चालीस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

प्रस्ताव नं. ५

महोत्तरी बहिरा संघ बाट प्राप्त प्रस्ताव सम्बन्धमा ।

निर्णय नं. ५

आजको यस नगरकार्यपालिकाको कार्यसूचिमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. ५ उपर छलफल गर्दा महोत्तरी बहिरा संघले यस नगरपालिका अर्न्तगत तीन महिने सांकेतिक भाषा सम्बन्धी आधारभुत तालिम कार्यक्रम संचालनका लागि पेश गरेका प्रस्तावना पत्रमा बढीमा एक महिनाको तालिम सञ्चालन गराउनका लागि स्वीकृति प्रदान गर्ने निर्णय पारित गरियो ।